# दक्षिणकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४७१००२८

प.सं. : २०८०/०८१

मिति : २०८०/०६/१०

## ध्यानाकर्षण

मिति २०८०/०६/०५ गते रात्रीकालिन समयमा दक्षिणकाली नगरपालिका वडा नं. ३ को वडा कार्यालय भवनमा चोरी भएको घटना प्रति दुःख व्यक्त गर्दछु। साथै उक्त घटनाको यथार्थ विवरणको सम्बन्धमा अनुसन्धान भईरहेको सम्पूर्ण नगरवासीमा अवगत गराउन चाहान्छु । वडा कार्यालयमा भएको चोरीबाट वडाबासीमा पर्न गएको असुविधा प्रति नगरपालिकाको ध्यानाकर्षण भएको छ ।नगरपालिका क्षेत्रमा यस्ता प्रकारका अवान्छनिय गतिबिधी संचालन गर्ने जो-कोहीलाई कानुनी दायरामा ल्याउन नगरपालिका परिवार प्रतिवद्ध रहेको व्यहोरा समेत अवगत गराउँदछु ।

नगरपालिकामा शान्ती, सुरक्षा, अमनचयन कायम गराउने प्रयासहरुलाई नगरपालिकाले आफ्ना नीति, कार्यक्रम तथा बजेटमा समेत समावेश गरी अगाडी बढिरहेको छ। समाजमा घट्न सक्ने विभिन्न प्रकारका अपराधिक गतिबिधिलाई नियन्त्रण गरी सभ्य, सुसँस्कृत नगर निर्माणको लागि नगरपालिका विभिन्न निकायहरुसँग सहकार्य गर्दै अगाडी बढिरहेको छ ।

अन्त्यमा, चोरी लुटपाट हिंसा लगायतका सामाजिक अपराध गर्ने जो-कोही प्रति नगरपालिका परिवार कठोर रुपमा अगाडी बढ्दै नेपालको संबिधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नगरपालिका प्रतिवद्ध रहेको व्यहोरा सम्पूर्ण नगरवासीमा हार्दिक अपिल गर्दछु ।

..............................

( मोहन बस्नेत )

नगर प्रमुख